**CDC Journal, Year 32, No. 46, December 2024, DOI: https://doi.org/10.3126/cdj.v32i46.77046**
**Received Date: September 30, 2024 Accepted Date: December 31, 2024**

# दङ्गीशरणको आगनबाट कवितामा पर्यावरणीय चेतना

**अमृतादेवी शर्मा**
*त्रि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुर*
*Orcid ID: https://orcid.org/0009-0009-4507-9203*
***Corresponding Email:** amritaregmi99@gmail.com*

## लेखसार

*प्रस्तुत लेखमा बिन्दु शर्माको 'ओक्कल दोक्कल पिपल पात' कवितासङ्ग्रहमा सङ्गृहीत ' दङ्गीशरणको आँगनबाट' कवितामा अभिव्यक्त पर्यावरणीय चेतनाको विश्लेषण गरिएको छ । यस कवितामा दाङ जिल्लाको ऐतिहासिक सन्दर्भलाई प्रस्तुत गर्दै वर्तमानमा भइरहेको चुरे उत्खनन र त्यसले वातावरणमा पारेको सङ्कटको चित्रण गरिएको छ । यहाँ दाङको माटो त्यहाँका आदिवासी थारूहरूले परापूर्व कालदेखि सिञ्चित गरेकाले त्यसको उपभोगका वास्तविक अधिकारी उनीहरु नै हुनुपर्ने र उनीहरूले परम्परागत रूपबाट दृष्टिकोण प्रस्तुत गरिएको छ । कविताको पर्यावरणीय अध्ययनका लागि मार्क्सवादी पर्यावरण सिद्धान्तले प्रस्तुत गरेका पर्यावरणीय जीवन्तताको फाटो, स्थिर राज्य अर्थव्यवस्थाको परिकल्पना र पर्यावरणीय समाजवादको अवधारणा गरी तीन ओटा उपकरणलाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरिएको छ । यस अध्ययनका लागि प्राथमिक र द्वितीयक  सामग्री सङ्कलन गरिएको छ । यसको सामग्रीविश्लेषण गुणात्मक पद्धतिमा आधारित छ र त्यसका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । यसका लागि पूर्वकार्यको अध्ययनद्वारा सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ । यसका लागि सामाजिक-आर्थिक सन्दर्भमा कवितामा प्रस्तुत मार्क्सवादी पर्यावरणीय तथ्यहरूको पहिचान एवं विश्लेषण गरिएको छ । यस कवितामा पुँजीवादी उत्पादनप्रणालीयुक्त समाजव्यवस्थाले अव्यवस्थित रूपमा गरेको चुरे क्षेत्रको उत्खननबाट वातावरणीय अवस्थामा पारेको नकारात्मक प्रभाव र पर्यावरणीय सङ्कटलाई देखाउँदै त्यसको विरोध गरिएको छ । यहाँ प्राकृतिक सम्पदामाथिको अव्यवस्थित दोहनको आर्थिक सामाजिक अन्तर्सम्बन्ध र त्यसले निम्त्याउने पर्यावरणीय सङ्कटले मानवीय अस्तित्वलाई धरापमा पार्ने हुँदा यसको अन्त्य हुनुपर्ने चिन्तन व्यक्त भएको छ । यस कवितामा पर्यावरणीय जीवन्तता कायम राख्न दीगो स्थिर राज्य अर्थव्यवस्थामा आधारित उत्पादनप्रणालीमा जोड दिनुपर्नेमा जोड दिइएको छ । पर्यावरणीय जीवन्तता कायम हुने स्थिति प्रकृतिसँग निरन्तर सहयात्रामा रहेकाहरूमा नै भूमिमाथिको उपभोगको अधिकार स्थापित भएका अवस्थामा मात्र सम्भव हुने चिन्तन व्यक्त भएको छ ।*

***शब्दकुञ्जी*** *:* अर्थव्यवस्था,  पर्यावरणीय सङ्कट, पुँजीवाद, समाजवाद

## विषयपरिचय

'दङ्गीशरणको आँगनबाट' कवितामा चुरे क्षेत्रको पुँजीवादी अतिक्रमण र त्यसले पर्यावरणमा पारेको नकारात्मक प्रभावलाई देखाउँदै त्यसका विरूद्ध प्रतिरोधी चेतना अभिव्यक्त भएको छ । पर्यावरणीय चेतनाले मानिस र प्रकृतिबिचको सम्बन्धको अध्ययन गर्दछ । यस चिन्तनले मानवलाई प्रकृतिको अभिन्न अङ्गका रूपमा लिन्छ । यसले प्रकृति र मानवको अन्तर्सम्बद्धता र अपरिहार्यताका परिप्रेक्ष्यमा यिनीहरूका आपसी सम्बन्धका कारण सिर्जित सामाजिक स्वरूप, चरित्र र प्रभावको विश्लेषण गर्दछ । पर्यावरण र मानिसको अन्तर्सम्बन्ध र आपसी स्वरूपलाई विश्लेषण गर्ने सन्दर्भमा विभिन्न पर्यावरणीय अवधारणा स्थापित छन् । यिनीहरूले विभिन्न आधारमा प्रकृति र मानिसको सम्बन्धका कोणहरूलाई हेर्ने र विश्लेषण गर्ने काम गरेका छन् । यी विभिन्न चिन्तनमध्ये मार्क्सवादी दर्शनले पर्यावरणसँग मानिसको जैविक, आर्थिक र भावनात्मक सम्बन्ध रहेको चिन्तन प्रस्तुत गरेको छ । यसले मानव र पर्यावरणबिच द्वन्द्वात्मक सम्बन्ध रहने मान्यता राख्दछ । प्राकृतिक सम्पदामाथि गरिएको मानवीय श्रमका माध्यमबाट नै सामाजिक उत्पादन हुन्छ भन्ने मार्क्सवादको धारणा छ । सामाजिक उत्पादनका माध्यमबाट नै मानवीय जीवन सम्भव हुने तर यस क्रममा पर्यावरणीय अवस्थामा असर पर्ने कारणले यी दुईबिच द्वन्द्वात्मक सम्बन्ध स्थापित भएको हो ।

बिन्दु शर्मा द्वन्द्वात्मक भौतिकवादी दृष्टिबाट जीवनजगत्लाई हेर्ने र विश्लेषण गर्ने साहित्यकार र समालोचक हुन् । उनी वर्तमानमा नेपाली साहित्यका समालोचना, कविता, कथा र निबन्धलेखनमा सक्रिय छिन् भने कवि र समालोचकका रूपमा उनको बलियो पहिचान छ । उनको *ओक्कल दोक्कल पिपल पात* (२०७६) कवितासङ्ग्रहका कवितामा नेपाली समाजका वर्गीय, क्षेत्रीय, लिङ्गीय, जातीयलगायत विविध विभेदका कारण सिर्जित असमान परिवेश र तिनीहरूले निम्त्याएका जटिलतालाई देखाउँदै ती विभेदविरूद्ध प्रतिरोधी चेतना व्यक्त भएको छ । प्रस्तुत अध्ययनमा उनको कविता 'दङ्गीशरणको आँगनबाट'लाई मार्क्सवादी पर्यावरणीय कोणबाट विश्लेषण गरिएको छ । ७७ ओटा हरफमा संरचित यस कवितामा पुँजीवादी व्यवस्थाको मारमा परेको चुरे क्षेत्रको भयावह अवस्थालाई देखाइएको छ साथै दाङ जिल्लाका आदिवासी थारूहरूको विलुप्त पारिएको पहिचानका पक्षमा आवाज उठाइएको छ । यस कवितामा थारु जातिले सिञ्चित गरेको दाङ जिल्लाको भूमि, त्यहाँको प्राचीन जङ्गल, जल, जमिनलगायत विभिन्न प्राकृतिक स्रोतमाथि भइरहेको पुँजीवादी अतिक्रमण र त्यसले सिर्जना गरेको पर्यावरणीय सङ्कटलाई विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट प्रस्तुत गरिएको छ । प्रस्तुत अनुसन्धानमा 'दङ्गीशरणको आँगनबाट' कवितामा पर्यावरणीय सङ्कटका सन्दर्भमा केकस्ता दृष्टिकोण प्रस्तुत भएका छन् र यसको कारणका रूपमा कुन संरचना वा तत्त्वलाई लिइएको छ भन्ने प्रमुख जिज्ञासा राखी त्यसको प्राज्ञिक समाधान गर्ने उद्देश्य राखिएको छ । यस कवितामा प्रयुक्त पर्यावरणीय चेतनाको अध्ययनबाट पुँजीवादी उत्पादनव्यवस्थाले पर्यावरणमा पारेको असरको अध्ययनका साथै मानिस र प्रकृतिको अन्तर्सम्बन्धका आयामहरूको पनि अध्ययन हुन्छ । यसबाट नेपाली समाजको उत्पादनव्यवस्था र यहाँको वातावरणीय अवस्थाबिचको अन्तर्सम्बन्धलाई विश्लेषण गर्ने साथै पर्यावरणीय मानवीय सम्बन्धलाई हेर्ने कविका विचारधाराको पनि अध्ययन हुने भएकाले यो अध्ययन औचित्यपूर्ण छ ।

## अध्ययनविधि र सैद्धान्तिक आधार

प्रस्तुत अनुसन्धानात्मक लेखमा मार्क्सवादी पर्यावरण सिद्धान्तलाई मूल आधार मानी 'दङ्गीशरणको आगनबाट' कविताको विश्लेषण गरिएको छ । यस अध्ययनको प्राथमिक सामग्री 'दङ्गीशरणको आगनबाट' कविता हो भने पर्यावरणसम्बन्धी मार्क्सवादी चिन्तन र दृष्टिकोणहरु प्रस्तुत भएका पुस्तक, समीक्षा, समालोचनात्मक कृतिहरु द्वितीयक सामग्री हुन् । यस अध्ययनमा कविता विश्लेषणको आधार मार्क्सवादी पर्यावरण सिद्धान्त भएकाले यस चिन्तनका साथै अध्ययनलाई सघाउ पुऱ्याउने गरी सम्बद्ध कविताका बारेमा गरिएका अनुसन्धान, समीक्षा, समालोचनालगायतबाट अनुसन्धानका निम्ति आवश्यक पर्ने द्वितीयक सामग्री सङ्कलन गरिएको छ । उपर्युक्त सामग्रीहरूको उचित प्रयोग गरी 'दङ्गीशरणको आगनबाट' कवितामा निहित पर्यावरणीय चेतनासम्बद्ध पक्षहरूको मूल्याङ्कन गर्न विश्लेषणको सैद्धान्तिक ढाँचा तयार गरिएको छ र पाठविश्लेषणका आधारमा निष्कर्षमा पुगिएको छ । यस अनुसन्धानमा आवश्यकताअनुसार सूक्ष्म मापदण्ड निर्माण गरी कविताको विश्लेषण गरिएकाले यो अनुसन्धान समग्रतः विश्लेषणात्मक र गुणात्मक प्रकारको रहेको छ ।

पर्यावरणीय सिद्धान्त मानिस र प्रकृतिको अन्तर्सम्बन्धको अध्ययन गर्ने र विश्लेषण गर्ने चिन्तन हो । मानवीय अस्तित्व पूर्ण रूपमा प्राकृतिक सम्पदामाथि नै निर्भर रहेको छ त्यसैले पर्यावरण नै मानवीय अस्तित्वको आधार हो । मानवीय उपयोगका लागि हरसमय उपयोग भइरहँदा प्रकृतिमा कुनै न कुनै रूपमा असर परिरहेको हुन्छ यद्यपि मानवीय जीवनका लागि यसको उपयोग अनिवार्य र अपरिहार्य छ । यस सन्दर्भमा पर्यावरणीय चिन्तनले प्रकृति र मानवको अन्तर्निर्भरता र यिनीहरूका आपसी सम्बन्ध र प्रभावका बारेमा अध्ययन गर्दछ । पर्यावरणीय समालोचनाले साहित्य र भौतिक पर्यावरणबिचको सम्बन्धको अभ्यन गर्दछ (Goltfelty, 1996, p. xvi) । मानवीय संस्कृति भौतिक जगत्सँग जोडिएको हुन्छ र यसले प्रकृतिलाई प्रभावित पनि पार्छ र यसबाट प्रभावित पनि हुन्छ । पर्यावरणीय समालोचनाले पर्यावरण र मानिसबिचको अन्तर्सम्बन्धको अध्ययन गर्दछ । यस समालोचनाले धरतीलाई सचेत भएर गहन दृष्टिले अध्ययन गर्नुपर्छ र त्यसको सुमधुर लय, आत्मा र चेतना पहिचान गरी संरचनागत जटिलतालाई आत्मसात् गर्नुपर्छ भन्ने ठान्छ र पर्यावरणलाई कृतिको परिवेश वा प्रकृतिचित्रणको अलङ्कारका रूपमा नलिई अनिवार्य अस्तित्वका रूपमा विश्लेषण गर्दछ (एटम, २०६९, पृ.३११) । पर्यावरणीय समालोचनाका सन्दर्भमा पर्यावरणसम्बन्धी मार्क्सवादी चिन्तन, पर्यावरणीय मार्क्सवाद, गहन पर्यावरणीय सिद्धान्त, संरक्षणमुखी पर्यावरणीय चेतनालगायत विभिन्न चिन्तन रहेका छन् । प्रस्तुत अध्ययनमा पर्यावरणसम्बन्धी विभिन्न चिन्तनमध्ये पर्यावरणसम्बन्धी मार्क्सवादी चिन्तनलाई विश्लेषणको आधार बनाइएको छ ।

मार्क्सवादले प्रकृति र मानवबिच द्वन्द्वात्मक सम्बन्ध रहने मान्यता प्रस्तुत गर्दछ । मार्क्सवादका पर्यावरणसम्बन्धी धारणाहरु मानिस र प्रकृतिका बिचको एकत्व तथा परकीयकरण, पुँजीको अतिसञ्चयजस्ता अवधारणाहरूमा आधारित रहेका छन् (वैद्य, २०७७, पृ.२१) । यसले वर्तमान सन्दर्भमा पुँजीवादलाई नै प्रकृति र मानवीय सङ्कटको प्रमुख कारण मान्दछ । पुँजीवाद वास्तविक उपभोगमा

आधारित उत्पादनप्रणाली होइन । यो मानवका आधारभूत आवश्यकता पूर्तिमा भन्दा पनि पुँजीको अन्तहीन सञ्चितिका लागि गरिने अधिउत्पादन र अधिखपतको अवधारणामा आधारित व्यवस्था हो । अधिउत्पादन र अधिखपत पर्यावरणीय विनाशको प्रमुख कारण हो । यसले औद्योगिकीकरण र सहरीकरणका प्रक्रियामार्फत गरेको प्राकृतिक सम्पदाहरूको अव्यवस्थित दोहन र अतिक्रमणले प्रकृति र मानवबिचको मेटाबोलिक प्रक्रियालाई नै ध्वस्त पार्ने काम गरेको छ । पर्यावरण र सामाजिक उत्पादनप्रणालीका बिचको यो द्वन्द्वात्मक अन्तर्क्रियाले नै पर्यावरणको स्थिति र समाजको वर्गीय संरचना, आर्थिक र सामाजिक विकास एवं असमानताका स्वरूप निर्धारण गर्दछन् (शर्मा, २०८०, पृ.१०) । त्यसैले मार्क्सवादले मानव र प्रकृतिको सम्बन्धमा पार्ने नकारात्मक प्रभावहरूका लागि पुँजीवादी व्यवस्थाको तीव्र रूपमा विरोध गर्दछ । वर्तमान विश्वले सामना गर्नुपरेका हरेक पारिस्थितिक समस्याका लागि पुँजीवाद जिम्मेवार छ भन्ने यसको धारणा छ । यस चिन्तनले केवल वातावरणीय क्षति वा विनाशलाई मात्र होइन पुँजीवादी उत्पादनका स्वरूपहरुद्वारा सिर्जित प्राकृतिक अभावहरूलाई पनि प्रस्तुत गरेको छ ।

मार्क्सवादले मानव र वातावरणको सम्बन्धका बारेमा र वातावरणीय प्रभावले शरणार्थीको जीवन भोग्न बाध्य भएका मानिसहरूका विविध अवस्थाको अध्ययन गर्दछ । मार्क्सवादी समालोचनाले पर्यावरणलाई शुद्ध पर्यावरणीय सम्बन्धबाट मात्र नहेरी जनता, जीवन, श्रम र विचारधाराका सापेक्षतामा हेर्दछ र सामन्तवाद र साम्राज्यवादका विरूद्ध पर्यारणीय आन्दोलनलाई पनि केन्द्रित गर्नुपर्ने र विश्वका जनतालाई सङ्गठित गर्नुपर्ने धारणा व्यक्त गर्दछ (भट्टराई, २०६६, पृ.८६) । यस चिन्तनले पुँजीवादी समाजव्यवस्थाले सिर्जना गरेको पर्यावरणीय सङ्कटको विश्लेषण गर्नका लागि 'पर्यावरणीय सङ्कट', 'अलगावको खपत', 'स्थिर राज्य अर्थव्यवस्था' र 'पर्यावरणीय समाजवाद' जस्ता अवधारणाहरु अगाडि सारेको छ (li, 2021) । पुँजीवादी व्यवस्थाका सङ्घटक तत्त्वहरु र यसले सिर्जना गरेका विविध समस्यालाई हेर्दा यसको विकासका अधिउत्पादन र अधिखपत गरी मुख्य दुई चरित्र रहेको चिन्तन यसले प्रस्तुत गरेको छ । अधिउत्पादनले पुँजीपतिहरूको उत्पादनको मात्रा र पुनरूत्पादनलाई फैलाउँछ र प्रकृतिमाथि तिनीहरूको हस्तक्षेप र अधिकतम नाफा आर्जन गर्ने तिनीहरूको लक्ष्यलाई विस्तृत पार्दछ । पुँजी र प्रविधिका सबलतामा आधारित रहेर तिनीहरूले निरन्तर रूपमा वैश्विक स्रोतहरूको अधिकतम क्षेत्रहरूमा खपत गर्दछन् र पर्यावरणीय उपनिवेश कायम गर्ने प्रयास गर्दछन् (षि, द्दण्दज्ञ) भन्ने यसको मान्यता रहेको छ । यस चिन्तनले पुँजीवादले निर्माण गरेको अलगावको खपत र यसले सिर्जना गरेको वातावरणीय सङ्कटका सम्बन्धमा धारणाहरु प्रस्तुत गर्दै पर्यावरणीय सङ्कटको अन्त्य गर्न स्थिर राज्य अर्थव्यवस्था र पर्यावरणीय समाजवादको अवधारणा प्रस्तुत गरेको छ । प्रस्तुत अध्ययनमा मार्क्सवादका पर्यावरणसम्बन्धी यिनै विभिन्न अवधारणामध्ये प्राकृतिक जीवन्तताको फाटो (मेटाबोलिक रिफ्ट), स्थिर राज्य अर्थव्यवस्था (स्टिडी स्टेट इकोनोमी) र पर्यावरणीय समाजवाद (इकोलोजिकल सोसियलिजम) सम्बन्धी अवधारणाका आधारमा 'दङ्गीशरणको आँगनबाट' कविताको अध्ययन गरिएको छ ।

## पारिणाम र विमर्श

बिन्दु शर्माको 'दङ्गीशरणको आँगनबाट' कवितामा पुँजीवादी उत्पादनप्रणालीले अव्यवस्थित रूपमा गरेको चुरे क्षेत्रको उत्खननबाट वातावरणीय अवस्थामा पारेको नकारात्मक प्रभाव र पर्यावरणीय सङ्कटलाई देखाउनाका साथै यस व्यवस्थाले त्यस क्षेत्रको जमिनका वास्तविक अधिकारी थारूहरूको अधिकारमाथि गरेको अतिक्रमणविरूद्ध आवाज उठाइएको छ । यहाँ सामाजिक उत्पादनका क्रममा प्रकृतिमाथिको नियन्त्रणले विभेदमा आधारित सामाजिक चरित्रको निर्माण गरेको र पर्यावरणीय सङ्कटको स्थिति निम्त्याएको अवस्थालाई 'चुरेको आदिवासी उचाइको अवत्खनन गरिएको, थारूहरूका पसिनाका उर्वर हरकहरु लिलाम भइरहेको, उनीहरूका खेतखलियानहरु टुक्राटुक्रामा विभक्त पारेर बेचिएको' सन्दर्भबाट पुष्टि गरिएको छ । पुँजीवादी व्यवस्थाले गरेको प्रकृतिमाथिको यो नाङ्गो हस्तक्षेपले प्रकृति र मानवबिचको अन्तर्सम्बन्धमा फाटो उत्पन्न गरी पर्यावरणीय सङ्कट निम्त्याएको भाव यस कवितामा व्यक्त गरिएको छ । यस लेखमा पुँजीवादी व्यवस्थाद्वारा चुरे क्षेत्रमाथि गरिएको आक्रमण र त्यहाँका आदिवासी थारूहरूको पहिचान र स्वामित्वमाथिको आक्रमण केवल थारूहरूमाथिको आक्रमण मात्र नभएर प्राकृति र मानवको जीवन्त अन्तर्सम्बन्धमाथिको आक्रमण हो भन्ने सन्दर्भमा कवितामा व्यक्त भएका तथ्यका आधारमा विमर्श गरिएको छ । यस क्रममा पर्यावरणीय जीवन्ततासम्बन्धी कविको चेतना, प्रकृति र मानवबिचको अन्तर्सम्बन्धबारे उनको दृष्टिकोण, वर्तमान सन्दर्भमा भयावह बन्दै गइरहेको पर्यावरणीय सङ्कट र यसको समाधानका सन्दर्भमा कवितामा व्यक्त भएका विचारहरूलाई केन्द्रमा राखेर बुँदागत रूपमा विमर्श गरिएको छ र त्यसका आधारमा निष्कर्षमा पुगिएको छ ।

### प्राकृतिक जीवन्तताको फाटो

मार्क्सवादले पुँजीवादी उत्पादनव्यवस्थालाई पर्यावरणीय सङ्कटको प्रमुख कारण मान्दछ । पुँजीवादी उत्पादनप्रणालीले जब आत्नो स्वार्थअनुकूल प्रकृतिको मानवीकरण गर्दछ तब यसले मान्छे र प्रकृतिको अन्तर्क्रियाको सन्तुलन बिगार्दै जान्छ । कृषिमा अन्धो भएको लुटले भूमिको उर्वरतालाई नष्ट गरिदिन्छ (मार्क्स, खण्ड १, २०५६, पृ.१६९) । यसले एकातिर श्रमिक वा कामदारको अतिरिक्त श्रमलाई शोषण गर्छ र उसको स्वत्वको हरण गर्छ भने अर्कातिर पृथ्वी वा प्रकृतिको उर्वर क्षमताको स्वत्व हरण गर्छ (शर्मा, २०८०, पृ.११ ) । यसले प्रकृति र मानवको अन्तर्सम्बन्धमा रहने सन्तुलनमा फाटो ल्याएर प्रकृति र मानवको सम्बन्धमा रहेको जीवन्ततालाई समेत खल्बल्याउने काम गर्दछ । प्रकृति र मानवबिचको यस असन्तुलनलाई मार्क्सले प्रकृतिको जीवन्ततामा आउने फाटो (मेटाबोलिक रिफ्ट) भनेका छन् । मार्क्सले पुँजीवादी खेतीमा जुन प्रगति हुन्छ त्यो मजदुर मात्र होइन, धरतीलाई पनि लुट्ने कलाको प्रगति हो भनेका छन् (वैद्य, २०७७, पृ.२२) । मार्क्सवादले प्रकृतिको जीवनचक्र, मानवीय जीवनचक्र र सामाजिक उत्पादनको जीवनचक्रबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्ने धारणा राख्दछ । वातावरणीय सङ्कटको बढ्दो विनाशको सामना गर्न मार्क्स र उनका उत्तराधिकारीले प्रस्तुत गरेको सैद्धान्तिक चिन्तन अत्यन्त महत्त्वपूर्ण छ । उनीहरूले वातावरणीय

ह्रासका संस्थागत र सामाजिक कारक र पारिस्थितिक प्रणालीसम्बन्धी विश्वव्यापी दृष्टिकोणलाई पहिचान गरे जुन आज संसारलाई अतिआवश्यक छ (Zhang, 2022) । 'दङ्गीशरणको आगनबाट' कवितामा पुँजीवादी व्यवस्थालाई वर्तमान पर्यावरणीय सङ्कटको प्रमुख कारण मानिएको छ । यस कवितामा चुरे उत्खनन मानव सभ्यता, संस्कृति, इतिहास र समग्रमा मानवीय अस्तित्वमाथि नै आक्रमण हो भन्ने अन्तर्य प्रस्तुत भएको छ । असीमित नाफाआर्जनका लोभमा पुँजीवादले प्राकृतिक सम्पदाहरूमाथि गरेको अतिक्रमण गम्भीर पर्यावरणीय सङ्कट भएको र यसले मानवीयतामाथि नै आक्रमण गरेको अवस्थालाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

खिइँदै गइरहेको चुरेको आदिवासी उचाइबाट
खुम्चिँदै गइरहेका निला नदीका यायावरीय आयामहरूमा
बोलिरहेछु म
जिमिदारको खलिहानमा थुप्रिएको धानको रासजस्तै चुचिल्लो
सुकौराको माटाको थुम्कीबाट
ओ मेरो प्रिय भिवाँ
उत्खनन होइन, अवत्खनन हो यो (पृ.२७)

उपर्युक्त कवितांशमा पुँजीवादी व्यवस्थाले नाफा आर्जनका लागि चुरे क्षेत्रको निरङ्कुश दोहन गरेको र यसले चुरे क्षेत्रको मात्र नभई मानव समाजकै अस्तित्वमाथि सङ्कट उत्पन्न गरिरहेको यथार्थलाई प्रस्तुत गरिएको छ । सहरीकरणका लागि आवश्यक खानी ढुङ्गा, गिटी, बालुवा, माटोलगायत विभिन्न स्रोत र साधनको दोहन गरेर यसबाट अकुत नाफा आर्जन गर्ने पुँजीवादी प्रक्रियाले प्रकृतिको जीवन्ततालाई नष्ट गरेको र यसले वातावरणीय असन्तुलन मात्र नभई प्रकृति र मानवबिचको अन्तर्सम्बन्धमा फाटो उत्पन्न गरेको सन्दर्भलाई 'खिइँदै गइरहेको चुरेको आदिवासी उचाइ' र 'खुम्चिँदै गरेका यायावरीय निला नदीका आयामहरू' बिम्बले प्रस्तुत गरेका छन् । वर्तमानमा पुँजीवादको पुँजी सञ्चयको प्रक्रियाले प्रकृतिको जीवनचक्रमा उच्च रूपमा बाधा उत्पन्न गराउनाका साथै यसले जैविक विविधतालाई नष्ट गरी पृथ्वीलाई तातो घर बन्ने दिशामा हुत्याइरहेको छ । यस प्रक्रियाले सम्भावित अपरिवर्तनीय विनाशकारी प्रभावहरू सिर्जना गरेको छ जसले जीवनका आधारहरूलाई नै कमजोर पारिरहेको छ (Foster et al., 2011, p. 656) । मार्क्स र एङ्गेल्सका वातावरण र सामाजिक उत्पादन प्रणालीसम्बन्धी प्रारम्भिक धारणाहरूले दिने स्पष्ट सन्देश वातावरणीय सङ्कटको जरो पुँजीवादी उत्पादन प्रणालीले चर्काउने मेटाबोलिक रिफ्ट अर्थात् जीवन्तताको फाटो हो र यो फाटो त्यसबेला मात्र क्रमिक रूपले पुर्न सकिन्छ, जब प्रकृतिको सार्वभौम सञ्चालन (मेटाबोलिजम्) र सामाजिक उत्पादनको सञ्चालनका बिच समपूरक सम्बन्ध स्थापित गर्न सकिन्छ (शर्मा, २०८०, पृ.११) । यस कवितांशमा प्रकृतिको जीवन्तताका प्रक्रियामा पुँजीवादी उत्पादनप्रणालीले ल्याएको यही फाटोलाई प्रस्तुत गरिएको छ । चुरे क्षेत्रबाट खानीढुङ्गा, गिटी, बालुवालगायतको अनाधिकृत उत्खननले चुरेको प्राकृतिक जीवनचक्रलाई ध्वस्त पारेको र यो केवल चुरेको भूगोलको मात्र नभएर मानव जीवनको

विनाश भएको चिन्तन कवितामा व्यक्त भएको छ । पुँजीवादको स्थायित्वका लागि गरिएको चुरे उत्खननले यहाँको भूगोलका साथै यहाँको वनप्रणाली, मृत्तिकाप्रणाली, नदीप्रणालीमाथि आक्रमण गरेको र प्रकृतिको जीवनचक्रलाई ध्वस्त पारेको चिन्तन कवितामा व्यक्त भएको छ । त्यसैले कवितामा यो उत्खनन नभएर अवत्खनन हो भन्ने भाव प्रस्तुत भएको छ । चुरे पहाडी शृङ्खलाको विनाशले सो क्षेत्रको भूगोलका साथै नदीप्रणाली र सोको जलाधार क्षेत्रसमेत नष्ट गरेको र यसको परिणामस्वरूप सो क्षेत्रका नदीहरु सुक्दै गएको सन्दर्भ कवितांशमा प्रस्तुत छ । यसका साथै चुरे क्षेत्र आदिवासी समुदायको जीवनशैली, पहिचान र व्यवहारका साथै जैविक विविधता र मानव सभ्यताकै प्रमुख अङ्ग भएको र यसको विनाशले प्राकृति र मानवबिचको जीवन्तताको चक्रलाई नै ध्वस्त तुल्याएको यथार्थलाई उपर्युक्त कवितांशले प्रस्तुत गरेको छ ।

चुरे क्षेत्रले केवल भूगोललाई मात्र नभएर सभ्यता, संस्कृति र पहिचानलाई पनि जनाउँछ । दाङको पहिचानका रूपमा रहेको चुरे पर्वतमाला केवल भूगोल मात्र नभएर नेपालका आदिवासी थारूहरूको पहिचान, संस्कृति, सभ्यता र जीवनशैलीको स्रोत पनि हो । 'दङ्गीशरणको आँगनबाट' कवितामा त्यहाँको प्रकृतिसँग एकाकार हुँदै थारूहरूका पसिनाले आवाद गरेको यो भूमिमाथिको पुँजीवादी अतिक्रमणलाई अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको छ । कवितामा यसै प्रक्रियाले वर्तमानमा उनीहरु शरणार्थी जीवन बिताउन बाध्य भएका छन् भन्ने सन्दर्भ आएको छ । चुरे क्षेत्रको यो अतिक्रमण प्रकृति र मानवतामाथिको अतिक्रमणका साथै आदिवासी थारूहरूको पसिना, पहिचान, संस्कृति, सभ्यता र अस्तित्वमाथिकै आक्रमण हो भन्ने चिन्तन कवितामा यसरी अभिव्यक्त भएको छ :

हाम्रो प्राचीन जङ्गल र जमिन
फाँडेर जीवनको घना सौन्दर्य
आज्याले आवाद गरेको हो
यो जलकिरणले भिजेको माटो
बिदाइ गरेकी छोरीजसरी
किन पराइ भइरहेछ हाम्रै लागि (पृ.२८)

उपर्युक्त कवितांशमा चुरे क्षेत्रको जङ्गल र जमिन थारूहरूकै जीवनअस्तित्वसँग जोडिएको र उनीहरूकै पसिनाले यहाँको प्रकृति आवाद भएको तर वर्तमानमा यो भूमि उनीहरूबाट खोसिएको यथार्थ प्रस्तुत भएको छ । कवितांशमा थारूहरूका पसिनाले सिञ्चिएको प्राचीन जङ्गल र जमिन वर्तमानमा उनीहरूकै नहुने परिस्थिति पुँजीवादले सिर्जना गरेको हो भन्ने अन्तर्य प्रस्तुत भएको छ । प्रत्येक कुरालाई कब्जामा नल्याई विस्तार हुन नसक्ने र विस्तारित नभई टिक्न नसक्ने पुँजीवादी स्वत्वहरणको तर्क नै मान्छे, स्रोतसाधन, सम्पदा, भूमि, प्रकृति सबैलाई कब्जा गर्ने काममा अनवरत लागिरहेको (शर्मा, २०८०, पृ. ११) र यसले सोहीअनुरूप थारूहरूको अस्तित्व, उनीहरूको जमिन, सम्पदा, स्रोतसाधनलगायत सबै पक्षमाथि नियन्त्रण कायम गरेको सन्दर्भ कवितामा आएको छ ।

थारुहरूलाई उनीहरूकै भूमिमा बिरानो बनाइनु र पराइ बन्न बाध्य तुल्याइनु न्यायपूर्ण होइन भन्ने भाव कवितांशमा व्यक्त भएको छ ।

मार्क्सवादले पुँजीवादी उत्पादनप्रणालीले निम्त्याएको पर्यावरणीय सङ्कट अधिक मुनाफा खोजीको परिणति भएको ठान्दछ । एक गतिशील प्रणालीका रूपमा पुँजीवादले प्रविधिको विस्तार, सुधार र विस्तृतीकरणका लागि प्राकृतिक स्रोतको भण्डारमा कमी ल्याई वातावरणीय अवरोधहरु ल्याउँछ (Clark et al., 2010, p. 255) । पुँजीवादले प्राकृतिक स्रोतहरूलाई निरन्तरको नाफा सञ्चितिका लागि प्रयोग गर्दछ । 'दङ्गीशरणको आँगनबाट' कवितामा नेपाली समाजमा विकसित पुँजीवादी प्रणालीले एकातर्फ आदिवासीका रूपमा रहेका थारुहरूबाट उनीहरूले आवाद गरेको जमिन खोसेर उनीहरूकै भूमिमा उनीहरूलाई शरणार्थी बनाएको र अर्कातर्फ सहरीकरणको प्रक्रियामार्फत उक्त जमिनको उर्वराशक्ति पनि नष्ट गरेको विचार प्रस्तुत गरिएको छ । पुँजीवादी व्यवस्थाले माटोका वास्तविक मालिकको भूमिमाथिको स्वामित्व जबर्जस्ती खोसेर उनीहरूका पसिनाको लिलाम बढाबढ गरी पुँजी आर्जन गरेको चिन्तन कवितामा यसरी अभिव्यक्त भएको छ :

> अनि किन थुप्रिरहेछन् राज्यका मालअड्डाहरूमा
> हाम्रो पसिनाका उर्वर हरकहरु
> हरेक युगको मिर्मिरेसँगै
> नेप्से निरन्तर ओरालो लागिरहँदा
> हाम्रा आवाजहरु
> किन लिलाम बढाबढीमा उक्लिरहन्छन् (पृ.२८)

उपर्युक्त कवितांशमा पुँजीवादी उत्पादनप्रणालीमा आधारित राज्य नै निम्न वर्गमाथि उत्पीडन गर्ने र प्रकृतिको स्वत्व मास्न लागिपर्ने व्यवस्था भएको चिन्तन व्यक्त भएको छ । यस कवितांशमा प्राकृतिक स्रोतहरूमाथिको निरन्तर दोहन गर्नु नै पुँजीवादको चरित्र भएको र यसले नाफा आर्जनकै लागि प्रकृतिको जीवन्ततामाथि प्रहार गर्ने प्रक्रियामा जमिनको खण्डीकरण गरी टुक्राटुक्रामा विभाजन गरेर चर्को मूल्यप्राप्तिको माध्यम बनाउने तथ्य प्रस्तुत गरिएको छ । यस क्रममा पुँजीवादले जमिनको वास्तविक स्वामित्व हुनुपर्ने वर्गबाट जमिनलाई खोसेर आत्नो नियन्त्रणमा ल्याउने र त्यसलाई खण्डीकरण गरी महङ्गो मूल्य तोक्ने र यसबाट अकुत नाफा आर्जन गर्ने परिपाटी अँगालेको हुन्छ भन्ने चिन्तन कवितांशमा आएको छ । यहाँ यस व्यवस्थाले श्रमिक वर्गवाट जमिन खोसेर उनीहरूलाई आत्नै भूमिमा शरणार्थी बन्न बाध्य तुल्याउने र कृषियोग्य जमिनको विनास गरी माटोको उर्वराशक्ति घटाउने विचार 'राज्यका मालअड्डाहरूमा थारु आदिवासीका उर्वर हरकहरु थुप्रिरहेको' र 'उनीहरूका आवाजहरु लिलाम बढाबढीमा उक्लिरहेको' कवितासन्दर्भमार्फत चित्रित भएको छ । सहरीकरणको यो विस्तारले मान्छे र पृथ्वीबिचको मेटाबोलिक अन्तर्क्रियालाई खल्बल्याइदिन्छ अर्थात् मान्छेले उपभोग गरेको पदार्थ माटोमै विलीन हुने प्रक्रियालाई अवरूद्ध गर्छ र माटोको दिगो उर्वरताको आधार नै नष्ट गरिदिन्छ (शर्मा, २०८०, पृ.१५) ।

कवितांमा आएका उपर्युक्त बिम्बहरूले थारु आदिवासीको भूमिमाथिको स्वामित्वमा भएको पुँजीवादी नियन्त्रणलाई र प्रकृतिको जीवन्ततामाथिको निर्मम आक्रमणलाई चित्रित गरेका छन् । यस कवितामा पुँजीवादी समाज वास्तविक उपभोगउन्मुख समाज नभएको र यसले सिर्जना गरेको अधिखपतको अवधारणाले निरन्तर पुँजीसञ्चितिको नेतृत्व गर्ने साथै पर्यावरणीय जीवन्तता नष्ट गर्ने धारणा व्यक्त भएको छ । यसले गर्ने श्रमिक वर्गको स्वामित्वमाथिको हस्तक्षेप र उत्पादन र पुनरूत्पादनको क्षेत्र विस्तारसँग पर्यावरण विनाश अन्तर्सम्बन्धित रहको र यसले श्रमिक वर्गका आवाजहरूका साथै प्राकृतिक जीवन्तताकोआधारलाईनष्टगरेकोचिन्तन कवितामा व्यक्त भएको छ।

## स्थिर राज्य अर्थव्यवस्थाको परिकल्पना

स्थिर राज्य अर्थव्यवस्थाको अवधारणा अर्थशास्त्री हर्मन डेलीले *स्टेडी स्टेट एकोनोमिक्स* (१९९०) मा अगाडि सारेका हुन् । यस अवधारणाले राज्यको अर्थव्यवस्थालाई विश्व पर्यावरणीय व्यवस्थाको एक उपव्यवस्थाका रूपमा चित्रित गरेको छ (Daly, 1991, p.213) । यसले पुँजीवादले गर्ने प्राकृतिक स्रोतहरूको अन्धतापूर्ण विनाश र यसको पर्यावरणीय समस्याहरूप्रतिको बेवास्तालाई पुँजीवादी प्रक्रियाको अधिउत्पादन र अधिखपतको परिणतिसँग सन्दर्भित ठान्दछ । यस व्यवस्थामा श्रमिकहरु अनुत्पादक, अवैज्ञानिक र कम क्षतिपूर्ति पाइने श्रममा आबद्ध भएका हुन्छन् । पुँजीवादले अँगाल्ने उन्नत प्रविधि, अत्यन्त केन्द्रित पुँजी, प्रचुर स्रोतहरु, सस्तो मूल्यको श्रम, अत्याधुनिक र ठुला मेसिनमा आधारित कलकारखानाहरु प्रकृतिका लागि हिंस्रक र विनाशकारी हुन्छन् ।

स्थिर राज्य अर्थतन्त्रको अवधारणाले राज्यनियन्त्रित उत्पादनव्यवस्थामा जोड दिन्छ । सबैको साझा हितमा निर्माण हुने स्थिर अर्थव्यवस्थायुक्त उत्पादनप्रणाली ठुला उद्योगधन्दामा नभई ससाना तर जनताको आत्मनिर्भर स्थानीय अर्थतन्त्रका आधारित भएको धारणा प्रस्तुत गर्दछ । यो विकेन्द्रित र लोकतान्त्रिक हुने र यसले अधिउत्पादन र अधिखपतमा विस्तारै नियन्त्रण गर्न सक्ने, पुँजीवादको उत्पादनक्षमतालाई घटाउने र राज्यको भूमिकामा जोड दिने (li, 2021) चरित्रको छ । थोरै शक्तिबाट चल्ने वा थोरै शक्ति खपत गर्ने, वातावरणलाई कम क्षति गर्ने, साना उत्पादनका प्रविधिहरु जनताका सिर्जनशीलता र क्षमतालाई संरक्षण गर्ने र विकसित गर्ने खालका हुन्छन् । त्यसैले यिनले जनताको बौद्धिकता र सपनालाई पूरा गर्दछन् । 'दङ्गीशरणको आगनबाट' कवितामा परापूर्वकालदेखि नै दाङको माटोसँग जोडिएका थारु जातिको स्वत्वसहितको आत्मनिर्भर अर्थतन्त्र स्थिर राज्य अर्थतन्त्रको अवधारणामा आधारित रहेको धारणा व्यक्त भएको छ । उनीहरूको जनजातिगत पहिचानसहितको त्यस कृषिप्रणालीले उनीहरूको आर्थिक जीवनलाई सबल बनाउनुका साथै राज्यको अर्थतन्त्रलाई पनि मजबुत बनाउने गर्दछ । उनीहरूको यस अर्थव्यवस्थाले प्रकृतिसँग निरन्तर सहयात्रा गरी मानिस र प्रकृतिबिचको अन्तर्सम्बन्धलाई जीवन्त राख्न पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस कवितामा माटोसँगका सहयात्री थारूहरु वास्तविक उपभोग्य वस्तुहरूको उत्पादनमा नै केन्द्रित

रहेका र माटोमा बगाउने उनीहरूको श्रम नै पर्यावरणीय जीवन्ततासहितको दीगो आर्थिक विकासमा योगदान दिने उत्पादनमा सहयोगी रहेको धारणा यसप्रकार व्यक्त भएको छ :

हाम्री छोरीले लद्यामा बगाएका
अस्टिम्कीका दियाको चहकिलो ज्योतिले
उज्यालिएको हो यहाँको सुन्तले बिहान
उहिल्यै जोगाएकी हुन् बुँदीले
आफ्ना डैनाहा झुल्वा र गतैयासँगै
भौकाभित्र जतनले लुकाएर
यै मट्टीको आदिम सत्व (पृ.२८)

उपर्युक्त कवितांशमा दाङ जिल्लाको माटोको आदिम स्वत्व अर्थात त्यसको प्राकृतिक जीवन्तता त्यहाँका आदिवासी थारूहरूले नै जोगाएका हुन् भन्ने भाव व्यक्त भएको छ । यहाँ 'डैनाहा', 'झुल्वा', 'गतैया', 'भौका' थारूहरूले परम्परागत उत्पादनप्रणालीमा प्रयोग गर्ने औजारहरु हुन् जसले उनीहरूको पर्यावरणमैत्री उत्पादनपद्धति र स्वरूपलाई बिम्बित गरेका छन् । यहाँ थारूहरूको उत्पादनप्रक्रियाको यस स्वरूपको बिम्बात्मक चित्रणबाट माटोमा अनावश्यक किटनाशक औषधी र रासायनिक वस्तुको प्रयोग नगरी परम्परागत रूपमा गर्ने उत्पादनस्वरूपले नै माटोको स्वत्व कायम राख्न सकिन्छ भन्ने भाव व्यक्त गरेको छ । आदिवासी थारूहरूले परापूर्व कालदेखि गर्दै आएको पर्यावरणमैत्री उत्पादनप्रणालीले माटोको आदिम स्वत्व कायम गरेको र प्रकृतिसँग सकारात्मक मानवीय अन्तर्सम्बन्धलाई कायम गरेको भाव कवितांशमा व्यक्त भएको छ । यहाँ थारूहरूले गरेको उत्पादनप्रक्रियाले पर्यावरणीय जीवन्ततासहितको दीगो आर्थिक विकासमा सहयोग पुऱ्याएको प्रमाणका रूपमा उनीहरूले देखाएको नदी (लद्या) प्रतिको श्रद्धाको भावनालाई अघि सारिएको छ । यहाँ उनीहरूले गर्ने श्रम र उत्पादनप्रक्रियाले प्रकृतिमा 'सुन्तले बिहान' निर्माण भएको छ । कवितामा आएको 'सुन्तले बिहान' सुनौलो र जीवन्त पर्यावरणलाई सङ्केत गर्ने सुन्दर बिम्ब हो । यहाँ माटोसँग उनीहरूको अधिकार र सहयात्रा रहिरहेका अवस्थासम्म पर्यावरण र मानवबिचको सम्बन्ध जीवन्त र सुन्दर भएको सङ्केत गर्दै पर्यावरण संरक्षणमा उनीहरूले पुऱ्याएको योगदानलाई चित्रण गरिएको छ ।

मार्क्सवादी पर्यावरणीय चिन्तनले विकेन्द्रित उत्पादनव्यवस्थामा कामदारहरु उत्पादनप्रक्रियामा प्रत्यक्ष सहभागी हुन पाउने र उनीहरूले आत्ना क्षमता र सपनाहरूलाई देखाउन पाउने मान्यता राख्दछ । यस बाटोबाट नै आफ्नो मूल्य र क्षमताको स्वपहिचान हुन्छ र दीगो र स्थिर अर्थतन्त्र विकसित हुन्छ (li, 2021) भन्ने मार्क्सवादी मान्यता छ । यस चिन्तनले हरित प्रविधिको माध्यमलाई सुधार गरी उचित रूपमा पर्यावरणीय मापदण्डहरु लागु गर्नुपर्ने र वातावरणीय लक्ष्यलाई तिनीहरूका लक्ष्यसँग सहकार्य गर्न दिनुपर्ने मान्यता राख्दछ (Gong, 2023) । वास्तविक उत्पादनमा आधारित थारूहरूको उत्पादनप्रणाली उत्पादनको परिणतिमाथि श्रमिकको पहुँच रहने विकेन्द्रित र लोकतान्त्रिक

उत्पादनप्रणाली थियो । नेपाली समाजमा स्थापित सामन्तवादले उनीहरूको भूमि कब्जा गर्‍यो भने त्यसैका गर्भमा विकसित भएको पुँजीवादले त्यो उर्वर भूमिलाई विभिन्न आधारमा नष्ट गरिरहेको छ । भूमि कब्जाको प्रक्रियासँगै यी व्यवस्थाले प्राकृतिक चक्रको जीवन्तता ध्वस्त पार्ने काम गरिहेको छन् । 'दङ्गीशरणको आगनबाट' कवितामा नेपाली समाजमा विकसित पुँजीवादले गरेको थारूहरूको विकेन्द्रित उत्पादनप्रणालीमाथिको हस्तक्षेपले उनीहरूको मौलिक आधार गुमेको र त्यसले पर्यावरणीय सङ्कट निम्त्याएको धारणा यस प्रकार व्यक्त गरिएको छ :

> म्याराथन धावक झैँ दौडिएको पश्चिमी बयाल
> पर्खाल ठड्याएर
> छेकिदिएपछि अरूले नै
> घामदिनका खेतबारी जसरी
> उजाडिँदै गए हाम्रा मौलिक आधार
> गब्दाका पातजसरी फतक्कै गल्दै गए
> हाम्रा सजातीय अहम्हरू (पृ.२९)

उपर्युक्त कवितांशमा पुँजीवाद र यसको प्राकृतिक स्रोतहरूमाथि कब्जा गर्ने रणनीति नै 'पश्चिमी बयाललाई पर्खाल लगाएर छेक्ने' कारक हो भन्ने भाव व्यक्त भएको छ । यहाँ श्रमिक वर्गको पसिना नै उनीहरूको पहिचानको आधार हुनुपर्छ र प्रकृतिमाथि उनीहरूले गरेको श्रमले त्यसमाथि स्वामित्व स्थापित गर्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । प्राकृतिक स्रोतमाथि श्रम लगाएर स्थापित हुने यही स्वामित्वले नै दीगो स्थिर अर्थव्यवस्थाको आधार तय गर्दछ । उपर्युक्त कवितांशमा थारूहरूको भूमिमाथिको स्वामित्व, त्यहाँ खर्च हुने उनीहरूको श्रम, त्यसबाट हुने उत्पादनका साथै त्यसमाथिको उनीहरूको अधिकारले नै स्थिर अर्थतन्त्रको आधार तय गर्ने हो भनने भाव वयक्त भएको छ । वर्तमान पुँजीवादी व्यवस्थाले सबै पक्षमाथि आधिपत्य जमाएर उनीहरूका सजातीय अहम्हरूलाई घामदिनका खेतबारीजसरी र गब्दा (कर्कला)का पातजसरी गलाएको भाव कवितांशमा प्रस्तुत भएको छ । समग्रमा विकेन्द्रित उत्पादन नभई अर्थात् उत्पादनप्रणाली श्रमिकहरूको पहुँचमा आधारित नभई दीगो अर्थतन्त्रको आधार तयार नहुने भाव प्रस्तुत गर्नु उपर्युक्त कवितांशको उद्देश्य हो ।

समग्रमा 'दङ्गीशरणको आगनबाट' कवितामा दीगो स्थिर अर्थतन्त्रको निर्माण गर्नका लागि स्थानीय अधिकारसहितको वास्तविक उपभोगमा आधारित अर्थतन्त्रको निर्माण हुनुपर्ने र यसका लागि विकेन्द्रित र स्थानीय अधिकारको स्थापना हुनुपर्ने चिन्तनलाई प्रमुख रूपमा उठाइएको छ । यस कवितामा स्थानीयतामा आधारित उत्पादनप्रणालीले नै वास्तविक उपभोगमा आधारित उत्पादनप्रक्रियालाई अघि बढाउने साथै पर्यावरणीय जीवन्तता कायम राख्ने भाव व्यक्त भएको छ ।

## समाजवादी पर्यावरण

मार्क्सवादले पुँजीवादी उत्पादनको स्वरूपलाई सामाजिक अन्याय र पर्यावरणीय सङ्कटको मूल जरो मान्दछ र पर्यावरणीय सङ्कटको समाधानको एक मात्र बाटो पुँजीवादी उत्पादनप्रणालीको अन्त्य हो भन्ने मान्यता राख्दछ । यसले पुँजीवादी उत्पादनको स्वरूपलाई पर्यावरणमैत्री समाजवादमा रूपान्तरित गर्नुपर्ने, श्रमिक आन्दोलनलाई मार्क्सवादी चिन्तनबाट परिचालित गर्नुपर्ने र पर्यावरणीय आन्दोलनलाई राजनीतिक आन्दोलनमा रूपान्तरण गर्नुपर्ने मान्यता राख्दछ (li, 2021) । यसले अनावश्यक वस्तु तथा सेवाको अत्यधिक उत्पादन र अत्यधिक खपतको पुँजीवादी स्वरूपलाई अन्त्य गरेमा पर्यावरणीय समाजवाद निर्माण हुने मान्यता प्रस्तुत गर्दछ ।

नेपाली समाजमा निम्नवर्गमाथिको पुँजीवादी नियन्त्रणको अन्त्य गर्न र यसले निम्त्याएको पर्यावरणीय सङ्कटको अन्त्य गर्नका लागि श्रमिक आन्दोलनलाई मार्क्सवादी चिन्तनबाट प्रशिक्षित गर्नुपर्ने र पर्यावरणीय आन्दोलनलाई राजनीतिक आन्दोलनका रूपमा स्थापित गर्नुपर्ने देखिन्छ । 'दङ्गीशरणको आगनबाट' कवितामा माटोमाथिको थारूहरूको अधिकार पुर्नस्थापित गराउन साथै यस क्षेत्रमा भएको प्राकृतिक स्रोत र साधनमाथिको पुँजीवादी दोहनबाट सिर्जित पर्यावरणीय सङ्कटको अन्त्य गर्न एक्यबद्धतासहितको सङ्घर्षको आवश्यकतालाई देखाइएको छ । थारूहरूको स्वपहिचान र अस्तित्वप्राप्तिको सङ्घर्षले उनीहरूको आर्थिक अधिकारप्राप्तिका साथै पर्यावरणीय संरक्षणमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउने धारणा कवितामा यसप्रकार व्यक्त भएको छ :

फेरि चम्किनेछन् हाम्रा बर्छी र भालाहरू
थारूगाउँमा बलेका मधुरा टुकीहरूले नै
लाप्पा खेलेर सल्काउनेछन् मसाल
उठ्नेछन् फेरि पनि
तिम्रो गदाको जस्तो
बजरङ्गी प्रहारलाई रोक्ने
हाम्रा सग्ला मुठ्ठीहरू
घामलाई ध्वाँसे अध्यारोले छोप्नुअगावै
बिहानीको लालकिरनीको प्रवाहसँगै (पृ.३०)

उपर्युक्त कवितांशमा नेपालका उत्पीडित जनजातिका रूपमा रहेका थारूहरूको पहिचान स्थापना गर्न, उनीहरूको भूमिमाथिको अधिकारलाई स्थापित गर्न र माटोको स्वत्व कायम गर्नका लागि उनीहरूकै नेतृत्वमा सचेत सङ्गठित आन्दोलन आवश्यक रहेको र यसतर्फ उनीहरू स्वयं सचेत बनेको भाव व्यक्त भएको छ । कवितांशमा व्यक्त भएको 'बिहानीको लालकिरनीको प्रवाहसँगै एकजुट हुने' चेतनाले उनीहरूको एकत्वपूर्ण सङघर्षको आकाङ्क्षालाई देखाएको छ । यहाँ वर्तमान पुँजीवादी व्यवस्थाको प्रहारलाई रोक्न बजरङ्गी प्रहारजस्ता मुठ्ठीहरू सङ्गठित हुने भनाइले निम्नवर्गीय

उत्पीडितहरूको एकत्व र मुक्तिचेतना सबैभन्दा शक्तिशाली र बलियो हुनेतर्फ सङ्केत गरेको छ । पुँजीवादी व्यवस्थाले जनजातिको पहिचान र अस्तित्वसँगै पर्यावरणीय जीवन्ततामाथि गरेको आक्रमण र निम्त्याएको मानवीय सङकटलाई रोक्न पनि 'बर्छी र भालाहरु'सहितको क्रान्ति र सङ्घर्ष अनिवार्य रहेको र यो थारूहरूकै सचेतताले मात्र सम्भव हुने अवस्थातर्फ कवितांशले सङ्केत गरेको छ । यसका लागि सङ्गठित प्रतिबद्धताप्रति विश्वास व्यक्त गरिएको छ र उत्पीडितहरूलाई आत्नो अधिकारका लागि एकताबद्ध हुन यसप्रकार आह्वान गरिएको छ :

आऊ मेरो गोचाली !
भोलि हुने भोरमा
गाउँ नै चैनार हुने गरी घन्किने
मागलका संस्कारित भाकाहरूमा
मिलाउनुपर्छ हामीले पनि
अन्तरका जीवनदायी सुरहरु (पृ.३०-३१)

उपर्युक्त कवितांशमा श्रमिकहरूको श्रमप्रक्रियासँगै संस्कृति र सभ्यता जोडिएर आएको हो भन्ने भाव व्यक्त भएको छ । यहाँ निम्नवर्गीय श्रमिकहरूको एकता र प्रतिबद्धतासहितको आवाजले प्राकृतिक जीवन्ततासहितको समुन्नत समाज स्थापित हुने विश्वास व्यक्त भएको छ । यो चेतना भावी समाजवादी क्रान्तिको पारिस्थितिक सम्भावनाको बलियो धरातल श्रमिक वर्गको स्वपहिचानसहितको अर्थतन्त्रमा निर्भर हुन्छ भन्ने मार्क्सवादी चेतनाद्वारा अभिप्रेरित देखिन्छ । यो चेतना आकार लिइरहेको वास्तविक आन्दोलन लाखौँ मानिसहरूले महसुस गरेको चिन्ता, तिनीहरु र तिनीहरूका सन्तानले सहनुपर्ने शारीरिक अवस्थाहरु (बिमारी, अभावसँग सम्बन्धित अवस्थाहरु, सामाजिक विघटन, र प्राकृतिक प्रकोप) र अर्कातर्फ वातावरणीय बाधाहरूको प्रकृतिलाई बुझ्ने ती जनताका सजग चेतनाद्वारा परिपोषित छ (Wallis, 2018, p.8) । थारूहरूमा जागृत भइरहेको स्वअस्तित्वप्रतिको यस सजग चेतनाले नै आफूहरूमा वंशाणुगत समस्याका रूपमा रहेको सिकलसिस एनिमिया र यससँग पुस्ता दरपुस्ताले सङ्घर्ष गरिरहेको बोध गरेको छ । कवितामा आर्थिक अभावले गर्दा नै त्यसको निदानको उपायका लागि कुनै वैज्ञानिक खोजीतर्फ लाग्न नसकेकाले आफूहरूको आत्मिक गौरवका लागि प्रतिरोध गर्नुपर्ने चेतना यसप्रकार व्यक्त भएको छ :

दिनदिनै पुरिँदै गयो
सिकलसिस एनिमियाको पुस्तौनी प्रहारबाट
हाम्रो आत्मिक गौरव
त्यसैले हरेक अटवारीमा
गन्यारीको काखबाट आगो निकालेर
आमन्त्रण गरिरहेछु म

ओ मेरो प्रिय भिवाँ !
तावामा पाक्दै गरेको एकोहारो रोटी निलेर
बिजुलीको झिलिक्कको रत्तारमा आऊ
मेरो गोचाली
दङ्गीशरणको चिहानको माटोको कसम
अन्तिमपल्ट खेल्नुपर्नेछ
हामीले यसपटक आगोको होली (पृ.३०)

उपर्युक्त कवितांशमा शक्ति र प्रणको प्रतीकका रूपमा स्थापित र थारूहरूले पुजा गर्ने पौराणिक पात्र भीमलाई सम्बोधन गर्दै आफूहरूको गुमेको अधिकार प्राप्तिका लागि आगोको होली खेल्न आह्वान गरिएको छ । यहाँ दाङका ऐतिहासिक थारु राजा दङ्गीशरणको कसम खाएर अन्तिमपल्ट होली खेल्न तम्सिएको अभिव्यक्तिले थारूहरूमा जागृत स्वअस्तित्वको चेतनालाई दर्शाएको छ । यसले अन्तर्यमा उनीहरूको माटोमाथिको अधिकारबोधलाई पनि सङ्केत गरेको छ । यहाँ पुस्तौनी रोग सिकलसिस एनिमियासँग नवपुस्ता पनि सङ्घर्ष गर्न बाध्य भएको अवस्था आफूहरूको गुमेको अधिकार र स्वामित्वको परिहरणसँग सम्बन्धित रहेको चेतना थारूहरूमा जागृत भएको देखिएको छ । कवितांशमा आएको 'आगोको होली' क्रान्ति र विद्रोही चेतनाको सशक्त बिम्ब हो । यो माटोसँगको निरन्तर सहयात्रामा रहेका प्रकृतिका संरक्षक थारूहरूबाट विभिन्न आधारमा उनीहरूको भूमि खोसेर तिनै प्राकृतिक सम्पदामाथि विभिन्न रूपमा आक्रमण गरिरहेको अवस्थाविरूद्ध प्रतिरोधी चेतना हो । यहाँ उत्पीडित थारूहरूकै नेतृत्वमा हुने सचेत विद्रोह र सङ्घर्षले मात्र खिइँदै गइरहेको उनीहरूको आत्मगौरव पुनः स्थापित हुन्छ भन्ने चिन्तन प्रस्तुत भएको छ । यस कवितांशमा माटोको स्वत्वमाथि भएको निरन्तर आक्रमणको अन्त्य गर्न पर्यावरणमैत्री उत्पादनप्रणाली वा समाजवादी पर्यावरण स्थापित हुनुपर्ने चेतना प्रकट भएको छ ।

## निष्कर्ष

'दङ्गीशरणको आँगनबाट' कवितामा थारु समुदायको प्रकृतिमाथिको अधिकार खोसेर उनीहरूलाई आत्नै भूमिमा शरणार्थी बनाइरहेको पुँजीवादी उत्पादनप्रणालीको विरोध गरिएको छ । यस कवितामा पुँजीवादले अव्यवस्थित रूपमा गरेको चुरे क्षेत्रको उत्खननबाट वातावरणीय अवस्थामा पारेको नकारात्मक प्रभाव र पर्यावरणीय सङ्कटलाई देखाउँदै त्यसको विरोध गरिएको छ । यहाँ मानवीय क्रियाकलापका कारण प्रकृतिको जीवनचक्र (मेटाबोलिज्म) मा आएको फाटो र यसले मानवीय जीवनमा ल्याएको सङ्कटलाई देखाइएको छ । यस कवितामा पुँजीवादी व्यवस्थाको यो आक्रमण थारूहरूको पहिचान र स्वामित्वमाथिको आक्रमण मात्र नभएर प्राकृति र मानवको जीवन्त अन्तर्सम्बन्धमाथिको आक्रमण हो भन्ने भाव व्यक्त गर्दै त्यसविरूद्ध सङ्गठित प्रतिरोधको चेतना प्रस्तुत छ । यस उत्पादनव्यवस्थाले स्थापित गर्ने औद्योगिकीकरणको प्रक्रियाले प्रकृतिको सजीवतामाथि आक्रमण गर्ने र यसले माटोको

प्राकृतिक जीवन्ततालाई नष्ट गरी मानव र प्रकृतिको अन्तर्सम्बन्धमा रहेको आपसी मेललाई भत्काउने काम गर्दछ भन्ने चेतना कवितामा प्रस्तुत छ । यस कवितामा सहरीकरण र औद्योगिकीकरणको यस प्रक्रियाले मानव र प्रकृतिका बिचमा फाटो उत्पन्न गर्ने र यसले पर्यावरणीय सङ्कट सिर्जना गर्ने चिन्तन व्यक्त भएको छ । यहाँ सामाजिक उत्पादनका क्रममा प्रकृतिमाथिको नियन्त्रणले विभेदमा आधारित सामाजिक चरित्रको निर्माणका साथै पर्यावरणीय सङ्कटको स्थिति पनि निर्माण गरिरहेको हुन्छ भन्ने चेतना व्यक्त भएको छ । प्राकृतिक सम्पदा र मानवश्रमको प्रयोगबाट मात्र सामाजिक उत्पादन सम्भव भएको र प्राकृतिक स्रोतहरूमाथि मानवीय श्रमको प्रयोगले सामाजिक उत्पादनप्रक्रिया अगाडि बढ्ने क्रममा यसले प्रकृतिलाई विभिन्न प्रकारका असर पारिरहेकै हुन्छ भन्ने चिन्तन पनि यस कवितामा प्रस्तुत भएको छ । यस कवितामा पुँजीवादलाई अन्तहीन नाफा सञ्चितिका लागि निश्चित सङ्ख्याका मानिसहरूले प्रकृतिमाथि नियन्त्रण गर्ने उत्पादनप्रणालीका रूपमा चित्रित गरिएको छ र यस व्यवस्थाले अन्तहीन नाफासञ्चितिका लागि प्रकृतिमाथि निर्मम नियन्त्रण कायम गर्दछ भन्ने चिन्तन व्यक्त भएको छ । यस कवितामा स्थानीय समुदायको आत्मनिर्भर उत्पादनप्रणाली नै राष्ट्रको दीगो र स्थिर अर्थतन्त्रको आधार भएको र यसले प्रकृतिको चक्रलाई जीवन्तता प्रदान गर्दछ भन्ने विचारको समर्थन गरिएको छ र प्रकृतिसँग सकारात्मक सहसम्बन्ध स्थापना गरेका थारूहरूको अधिकार र स्वत्वका पक्षमा आवाज उठाइएको छ । कवितामा प्राकृतिक सम्पदामाथिको अव्यवस्थित दोहनको आर्थिक सामाजिक अन्तर्सम्बन्धलाई देखाउँदै त्यसले निम्त्याउने पर्यावरणीय सङ्कटले मानवीय अस्तित्वलाई धरापमा पार्ने हुँदा यसको अन्त्य हुनुपर्ने भाव व्यक्त भएको छ । समग्रमा यस कवितामा प्रकृतिसँग निरन्तर सहयात्रामा रहेकाहरूमा नै त्यसको अधिकार स्थापित हुनुपर्ने र यसले नै प्राकृतिक जीवन्तता कायम राख्ने विचार व्यक्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७६). पर्यावरणीय समालोचना. *रत्न बृहत् नेपाली समालोचना* (दोस्रो संस्क.). राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). रत्न पुस्तक भण्डार, पृ. ३११-३३२ ।

मार्क्स, कार्ल (२०५६). *पुँजी, खण्ड १,* युवराज पन्थी (अनु.), ज्ञानलोक पब्लिसर्स एण्ड डिस्ट्रीब्यूटर्स (मूल कृति प्रकाशन सन्. १८६७) ।

भट्टराई, रमेशप्रसाद (२०६६). पर्यावरणीय सन्दर्भ र देवकोटाका कविता. *कलम,* १८ (५२/२), पृ. ८१-९३ ।

वैद्य, मोहन (२०७६). *मार्क्सवादी समालोचना.* शमी साहित्य प्रतिष्ठान ।

शर्मा, पिताम्बर (२०८०). मार्क्सवाद र पर्यावरणीय सङ्कट. *वामपन्थ,* २ (४–५), पृ. ९–२८ ।

शर्मा, बिन्दु (२०७६). *ओक्कल दोक्कल पिपल पात.* शिखा बुक्स ।

Clark, L., Foster, J. B., and Longo, S. B. (2018). Metabolic rifts and the ecological crisis. *The Oxford Handbook of Karl Marx,* Oxford: Oxford University Press, pp. 651-658. DOI: 10.1093/oxfordhb/9780190695545.001.0001.

Daly, H. (1991). *Steady State Economics*. Island press.

Foster J. B., Breat, C. and Richard, Y. (2011). *The ecological rift : Capitalism's war on the earth* . University Press.

Glotfelty, C. (1996). Literary studies in an age of Environmental crisis. *The ecocriticism reader landmarks in literary ecology*. Cheryll Goltfelty and Harold Fronm (ed.), pp xv-xxvii.

Gong, M. (2023). The original development analysis of marxist ecological economic theory. httpp://creativecommons.org/licenses/by-nc/4.0/. DOI: 10. 2991/978-94-6463-224-8-14.

Li, Z. (2021). Some thoughts on ecological marxism. Yunnan Normal University, Kunming, China. DOI: 10.4236/jss.2021.912014.

Wallis,V. (2018). Toward ecological socialism. https: //www.researchgate.net/publication/232948811, pp. 1-20. (Orginlly published *Capitalism, Nature, Socialism*, vol. 12, no. 1, March, 2001, pp. 127-145.

Zhang, N. (2022). A forgotten History : Marxist ecology after Marx. Sage journals, volume 49, issue 1, https://doi.org.10.1177/08969205221095273 .